# पूर्वखोला गाउँपालिका

## Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No.: ०७६।७७
चलानी नं./Ref. No.: १०२५

पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पूर्वखोला, पाल्पा, ५ नं. प्रदेश, नेपाल, २०७३

मितिः२०७७।०३।१२

विषयःहरित स्वयम् सेवकको प्रस्ताव आह्वानको सूचना!!!

प्रस्तुत विषयमा भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको मिति २०७७।०३।०९ को सूचना अनुसार भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयबाट सञ्चालन हुने **हरित स्वयम् सेवक परिचालन कार्यक्रम** अन्तर्गत यस पूर्वखोला गाउँपालिका का सबै वडामा हरित स्वयम् सेवक परिचालन गर्ने कार्यक्रम रहेको हुँदा **हरित स्वयम् सेवक विकास तथा परिचालन कार्यविधि,२०७६** को अनुसूची-१ मापदण्ड बमोजिम योग्यता पुगेका कृषि क्षेत्रमा हरित स्वयम् सेवकको रुपमा काम गर्न ईच्छुक व्यक्तिहरुले अनुसूची-०२ बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७७।०४।०७ गतेभित्र कृषि ज्ञान केन्द्र,भेटेनरी अस्पत्ताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन पेश गर्नुहुन अनुरोध छ।

(हस्ताक्षर) ७७।३।१२
रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नोटःमाथि उल्लिखित कार्यविधि र संलग्न सूची भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।साथै थप जानकारीको लागि सम्पर्क व्यक्ति श्री अनुप तिवारी(कृषि अर्थ विज्ञ)लाई ९८४७८४१७५८ तथा यस गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष कंडेल ९८६७५५०९३० मा सम्पर्क गर्न सकिने छ।साथै अनुसूची १ र २ यस सूचना संगै संलग्न गरिएको छ।

श्री सूचना प्रविधि शाखा: — वेबसाइटमा अपलोड गरिदिनु
[illegible]

## अनुसूची-२

(दफा १० को उपदफा (१) सँग सम्वन्धित)

**<u>सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मितिः ....................

चालू आ.ब. २०७...../...... मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको श्रोत व्यक्ति विकासका लागि युवा कार्यक्रम अन्तर्गत यस प्रदेश भित्रका १२ वटै जिल्लामा हरित स्वयम्सेवकको रुपमा काम गर्न ईच्छुक, योग्यता पुगेका व्यक्तिहरुले तपसिल बमोजिमको विवरण सहितको सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति................गते भित्र) यस कार्यालयमा तोकिएको ढाँचामा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ।

**तपसिल विवरण**

(क) ईच्छुक कार्य क्षेत्र (वडा र गाउँ वस्ती) .........

(ख) वालीवस्तु विषेशमा रुची .............

(ग) निवेदन (अनुसूची-३ बमोजिम)

(घ) व्यक्तिगत विवरण तथा प्रस्ताव (अनुसूची-४ बमोजिम)

(ङ) नागरीकताको प्रतिलिपि (बसाँई सराई भए उल्लेख गर्ने)

(च) शैक्षिक योग्यता *

(छ) कृषि तथा पशु सेवा सम्वन्धी कुनै तालिम प्राप्त गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपि

(ज) अन्य सान्दर्भिक कागजातहरु

सचिव

अनुसूची-१

(दफा ९ सँग सम्बन्धित)

<u>हरित स्वयम्सेवक छनौटका मापदण्डहरु</u>

१. भौगोलिक सम्भावना अनुसार बालीवस्तु तथा पशुवस्तु विशेष ईच्छुक व्यक्ति,

२. कृषि क्षेत्रको कार्य गर्न उत्साही, दक्ष एवं अनुभवी, नवीनतम् सीप तथा प्रविधि उपयोग गरी विस्तार गर्न सक्ने, नेतृत्व गर्न सक्ने, बुझाउन सक्ने, निर्णय गर्ने क्षमतावान र आत्मविश्वासी,

३. लामो समयसम्म स्थानीय तहको ग्रामीण स्तरमा नियमित कृषि तथा पशुसेवा प्रवाह गर्न ईच्छुक,

४. आफू बसोवास गर्ने समुदायमा आवद्ध भएर नियमित कृषि/पशुसेवा प्रवाह गर्न सक्ने,

५. हरित स्वयम्सेवक छनौटको लागि स्थानीय तहबाट सिफारिस भएको,

६. सक्रिय तथा नियमित रुपमा स्थानीय तहमा स्थानीय श्रोत व्यक्तिको रुपमा काम गर्न सक्षम,

७. २० वर्ष देखि ५५ वर्षसम्मको उमेर हद,

८. स्थायी बासिन्दा भई सोही ठाउँमा कृषि/पशु सेवाको क्षेत्रमा संलग्न भई कृषि पेशालाई निरन्तरता दिन ईच्छुक,

९. साधारण लेखपढ गर्न जान्ने,

माथि लेखिएका मापदण्डका अतिरिक्त देहायको कुराहरुलाई प्राथमिकता दिईनेछ :-

१०. कृषि/पशुपालन फार्म स्थापना गरी व्यवसाय गरेको,

११. ग्रामीण पशुस्वास्थ कार्यकर्ता वा ग्रामीण कृषि विकास कार्यकर्ता तथा अन्य कृषि सम्बन्धी तालिम लिएको व्यक्ति,

१२. महिला कृषकको हकमा विवाहिता,

१३. दलित, जनजाति, आदिवासी, पिछडिएका तथा बिपन्न वर्गका कृषक,

१४. बालीवस्तु विशेष भौगोलिक सम्भाव्यताका आधारमा स्थानीय तहको एउटा वडामा १ जना भन्दा बढी स्वयम्सेवक नहुने गरी प्राथमिकता अनुसार छनौट गरीने,